# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७९।०५।२७

## प्रेस विज्ञप्ति

समाचारको विषयलाई लिएर एभिन्यूज टेलिभिजनको महाराजगञ्जस्थित कार्यालयमा भाद्र २६ गते आइतबार भएको तोडफोड, पत्रकारमाथि भएको हातापात र दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

एभिन्यूज टेलिभिजनका अनुसार ललितपुरको कुसुन्तीस्थित 'अनन्त सेवा नेपाल' बालगृहका सञ्चालक उदयराज भाट (आफूलाई उदयराज भट्ट भनी चिनाउने) व्यक्तिले त्यहाँ बस्ने बालिकामाथि यौनशोषण गरिरहेको सूचनाको आधारमा सोबारे आइतबार राति ९:०० देखि १०:०० बजेसम्म प्रत्यक्ष प्रसारण हुने 'एभिन्यूज पहल' भन्ने कार्यक्रममा आफ्नो भनाइ राख्न निज भट्टलाई भाद्र २५ गते शनिबार नै टेलिभिजन पक्षबाट अनुरोध गरिएको थियो ।

तर कार्यक्रम प्रसारण हुनअगावै निज भट्टले पठाएका ५/६ जना व्यक्तिहरूले आइतबार राति ८:०० बजेतिरै आएर टेलिभिजनको गेटमा धकेल्ने र ढुंगा हान्नुका साथै पत्रकार राजु भण्डारी, कमल जीसीलगायतलाई हातपात र दुर्व्यवहार गरेका थिए भने 'एभिन्यूज पहल' कार्यक्रममा सञ्चालक सुशील पाण्डेको मोबाइलसमेत खोसेको टेलिभिजनले जनाएको छ ।

समाजमा घट्ने हरेक किसिमका घटनाको बारे नागरिकलाई सुसूचित र सचेत गराउने भरपर्दो माध्यम सञ्चार गृहमा तोडफोड गरिनु, त्यहाँ कार्यरत पत्रकारमाथि हातपात, दुर्व्यवहारजस्ता कार्य हुनु अत्यन्त निन्दनीय र प्रेसविरोधी काम हुन् । महासंघ प्रेसविरोधी यस्ता कार्यमा संलग्नमाथि तत्काल कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइ पत्रकार र सञ्चार गृहको सुरक्षामा गम्भीर बन्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org